नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.:शै.सू.व्य. २०७८/७९

मिति: २०७८।०५।१६

च.नं. : 23

**विषय :IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह (विद्यालयको विवरण अद्यावधिक गर्न बाँकी) सबै**

**श्री विद्यालय (विवरण अद्यावधिक गर्न बाँकी) सबै**

उपरोक्त सम्बन्धमा यस केन्द्रको प.सं.शै.सू.व्य. २०७८/७९ च.नं. ०१ मिति २०७८।०४।७ र च.नं. २० मिति २०७८।०५।०४ को पत्रबाट एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS)अन्तर्गतको Excel based file मा (शैक्षिक सत्र २०७८ देखि यस प्रणालीमा भएको परिमार्जित Version अनुसार) संलग्न विवरण मिति २०७८ भाद्र १५ भित्र अद्यावधिक गरी iemis.cehrd.gov.np को नयाँ प्रणालीमा Upload गर्नको लागि समय निर्धारण गरिएको व्यहोरा विदितै छ ।

निर्धारित समय व्यतित भइसक्दा पनि केही विद्यालयहरुको विवरण अझै अद्यावधिक नभएको पाइएकाले बजेट तथा कार्यक्रम तयारीमा समस्या सृजना भएको छ । समयमा विवरण अद्यावधिक नगरिएका कारण प्राप्त हुने अनुदानबाट विद्यालय र सेवा सुविधाबाट विद्यार्थी वञ्चित हुने अवस्था सृजना भएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक नै जिम्मेबार हुने भएकाले विद्यालयले मिति **२०७८ भाद्रमसान्तभित्र** अनिवार्य रुपमा विवरण अद्यावधिक गरी Upload गर्नु हुन र यस कार्यमा स्थानीय तहबाट आवश्यक सहजीकरण गरिदिनु हुन निर्देशानुसार अनुरोध छ ।

पुनश्चः **विद्यालय शिक्षासँग सम्बन्धित समसामयिक जानकारी एवम् सूचनाका लागि यस केन्द्रको वेवसाइट www.cehrd.gov.np र प्रत्येक महिना (१ र १६ गते) को गोरखापत्र (विद्यालय शिक्षा सम्बन्धी गतिविधि), NCED virtual (you tube channel) हेर्नु हुन तथा केन्द्रको Official Viber Community -CEHRD** मा Join हुनुका साथ सोका लागि अन्य सरोकारवालाहरुलाई समेत सुचित गरिदिनु हुन अनुरोध छ

०७८।५।१६

रामचन्द्र शर्मा

निर्देशक

बोधार्थ

श्री सामाजिक विकास मन्त्रालय

(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ(सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।